# संस्कृत वाङ्मयमा अर्थतत्व

**सशिशरण सुवेदी, पिएचडी**
बुटवल बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय
Email: sashisubedi@gmail.com
Orcid ID: https://orcid.org/0009-0003-6819-3224

## लेख जानकारी

**मुख्य शब्द :** अद्वैत वेदान्त, प्रकरण, निषेधाज्ञा, वाणी, सान्निध्य, आप्तवाक्य ।

**Received:** 10 June 2024

**Reviewed:** 10 November 2024

**Accepted:** 20 November 2024

**DOI:**
https://doi.org/10.3126/snprcj.v5i1.83491

Copyright 2024 © Author(s)

## लेखसार

*अर्थ भाषाको महत्वपूर्ण पक्ष हो । अर्थविहीन भाषिक संरचना ध्वनिमात्र हुने भएको हुनाले संस्कृतमा अर्थका सम्बन्धमा विस्तृत विवेचना गरिएको छ । अर्थको विश्लेषणका क्रममा पद तथा पदार्थका सम्बन्धमा विभिन्न धारणाहरू अगाडि सारिएका छन् । पद तथा पदार्थका सम्बन्धमा व्यक्त भएका ती फरक धारणाहरू नै अर्थ सम्बन्धी संस्कृत अवधारणा हो । अरूको व्यवहारबाट सिक्ने वृद्ध व्यवहार, प्रत्यक्ष अनुभवबाट सिक्ने प्रत्यक्ष,अर्काको कुरा सुनेर बुझ्ने अर्थ अनुमान, मूल अर्थ छाडेर बुझिने बाहिरी अर्थ अर्थापत्ति, दार्शनिकको भनाइबाट बुझिने अर्थ आप्तवाक्य, धातु सर्गबाट बुझिने अर्थ व्याकरण, सुनेको बुझेको आधारमा अर्थको अनुमान गर्नु उपमान, शब्दकोशबाट बुझिने अर्थ कोष, प्रकरणबाट बुझिने अर्थ वाक्यशेष, व्याख्याबाट खुल्ने अर्थ विवृति र निकट पदको सम्बन्धबाट खुल्ने अर्थ सिद्धपदसान्निध्य अर्थबोधका आधार हुन् । एउटा पदले अर्को पद राख्ने अवस्था आकांक्षा, शब्दहरूका बिचको तार्किक सुसंगति योग्यता, निकटवर्ती अवस्थाको व्याख्या सन्निधि र वक्ताको आशय अनुसार स्रोताले बुझ्नु तात्पर्यज्ञान अर्थज्ञानका सर्त हुन् । अर्थको बोध र त्यसका निर्धारणका सम्बन्धमा भएका गहन चिन्तनहरू नै अर्थसम्बन्धी संस्कृत अवधारणा हुन् । मीमांसक, नैयायिक र वैयाकरण सम्प्रदायका विश्लेषकहरूले संस्कृत वाङ्मयमा अर्थतत्वसम्बन्धी आआफ्नै अवधारणाहरू प्रस्तुत गरेका छन् ।*

## परिचय

भाषाका ध्वनिहरू आफैंमा अर्थयुक्त हुँदैनन् । ध्वनिहरू रूपको तहमा पुगेपछि मात्र अर्थभेदक एकाइका रूपमा प्रस्तुत हुन्छन् । रूपबाट शब्द, पदावली, उपवाक्य, वाक्य हुँदै त्यसभन्दा माथिल्ला एकाइहरू अर्थयुक्त भाषिक एकाइका रूपमा देखापर्दछन् । भाषाको अर्थ छैन भने त्यसको कुनै महत्त्व रहँदैन । अर्थविनाको भाषा निष्प्राण हुन्छ र त्यो केवल ध्वनि वा आवाजभन्दा बढी केही हुन सक्दैन । अर्थ भाषाको आत्मा हो । भाषालाई अर्थबाट अलग राख्ने हो भने त्यसको कुनै अस्तित्व रहँदैन । अर्थविज्ञानले भाषाको अर्थपक्षको विश्लेषण गर्दछ । अर्थको क्षेत्र व्यापक र विस्तृत छ । भाषिक अभिव्यक्तिको अर्थ रूपबाट सुरु भई सङ्कथनसम्म रहने भएकाले रूप, शब्द, पद, पदावली, उपवाक्य, वाक्य, अनुच्छेद र सङ्कथनको आफ्नो अर्थ हुन्छ । रूप-रूपको संयोजन भई जसरी संरचनात्मक दृष्टिले शब्दको निर्माण हुन्छ त्यसरी नै अर्थको पनि संयोजन हुँदै जान्छ । रूपले मूल अर्थको वहन

गरेको हुन्छ र शब्द र पदावलीले नामिक र क्रियात्मक अर्थ तथा उपवाक्य र वाक्यले आधारभूत अर्थ र सङ्कथनले पूर्ण कथनको वहन गरेका हुन्छन् ।

भाषामा अर्थको अध्ययन पूर्वीय र पाश्चात्य दुबै तर्फ भएको छ। पूर्वीय अध्ययन संस्कृत भाषामा केन्द्रित रहेको छ भने पाश्चात्य अध्ययन अंग्रेजी भाषामा केन्द्रित छ। संस्कृत भाषामा लेखिएका विविध ग्रन्थहररूमा अर्थसम्बन्धी अवधारणा प्रस्तुत भएका छन्। संस्कृत वाङ्मयमा अर्थसम्बन्धी अवधारणा के कसरी व्यक्त भएको छ भन्ने मूल समस्यामा केन्द्रित रही अर्थको संस्कृत अवधारणा निरूपण गर्ने उद्देश्यले यो लेख तयार पारिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी तयार पारिएको छ। अर्थको संस्कृत अवधारणा निरूपण गर्नका लागि संस्कृत वाङ्मय ग्रन्थहरूलाई प्राथमिक स्रोत मानिएको छ भने अर्थका बारेमा चर्चा गरिएका सामग्रीहरूलाई द्वितीयक स्रोत मानिएको छ। यसक्रममा विभिन्न अनुसन्धान प्रतिवेदन, पुस्तक, विभिन्न किसिमका जर्नल र पत्रपत्रिकामा प्रकाशित लेखहरूबाट सामगी सङ्कलन गरी विश्लेषणात्मक विधिबाट निष्कर्ष प्रस्तुत गरिएको छ। संस्कृत अवधारणालाई आधार मानी अर्थ विश्लेषणको आधार प्रस्तुत गरिएको छ ।

## अर्थको संस्कृत अवधारणा

अर्थ शक्ति शब्दको आवश्यक गुण हो। यो शब्द र यसको अर्थका बिचको जीवित सम्बन्धबाट परिभाषित हुन सक्दछ। जब शब्द सुनिन्छ त्यस सँगै त्यसको अर्थ ज्ञान हुन जान्छ (सिद्धान्त मुक्तावली, पृ.२६५)। शब्दसँग हुने अर्थको यस किसिमको सम्बन्ध र सन्दर्भबाट प्राप्त ज्ञानका विषयमा संस्कृतका विद्‌वानहरूले विस्तृत चर्चा गरेका छन्। यसमा मुख्यतः मीमांसक, नैयायिक र वैयाकरण सम्प्रदायमा शब्दार्थ सम्बन्धका बारेमा विस्तृत चर्चा भएको छ।

मीमांसकहरूका अनुसार शब्दको अर्थ शक्ति सहज रूपमा शब्दमा आफै हुन्छ[१] । शब्द र अर्थमा सत्यले कुनै प्रभाव पार्दैन। भाषा विना समाज वा समुदायलाई बुझ्न असम्भव छ। हामी हाम्रा अभिभावक वा अग्रजबाट भाषा सिक्दछौं। उनीहरू जता जे सिकाउँछन्, त्यतै त्यही सिक्छौं। उनीहरूका अगाडि पछाडिका व्यवहारबाट सिक्दछौं। यसले मानव समुदायका बारेमा ज्ञान दिलाउँछ। व्यक्तिको प्रभाव शब्दको अर्थमा पर्दैन। मीमांसकहरू आदिमानवले पनि अरू कसैबाट नभई शब्दबाट नै अर्थ वा तात्पर्य सिकेको कुरा मान्दछन्। यस अनुसार व्यक्तिको प्रभाव शब्दमा नपर्ने कुरा प्रस्ट हुन जान्छ। वैयाकरणहरू पनि मीमांसकका दृष्टिकोणमा सहमत छन्। उनीहरू शब्द र अर्थको सम्बन्धमा हुने स्थायी गुण शब्दको प्रचलित प्रयोगबाट प्राप्त हुने स्विकार गर्दछन्। यसैले शब्दको प्रयोगबाट नै शब्द र अर्थको सम्बन्ध स्थायी बन्दै जान्छ।

शब्द र अर्थका बिचको सहज संयोजनमा शब्दको 'योग्यता' ले भूमिका खेल्दछ। शब्द भित्र रहेको क्षमताबाट शब्दार्थको व्याख्या हुन सक्दछ। जसरी इन्द्रिय अथवा अनुभूतिका अङ्गहरूबाट कुन के हो भन्ने अनुभूति वा ज्ञान हुन सक्छ त्यसरी नै शब्दबाट पनि सहज रूपमा विचार व्यक्त गर्ने शक्ति प्राप्त हुन सक्दछ (वाक्यपदीय, तृतीय पृ. २९)।[२] वाणी विचार सम्प्रेषणको सहज माध्यम हो। यसर्थ कुनै पनि शब्दमा अर्थ व्यक्त गर्ने सहज शक्ति हुन्छ। यो शक्ति परम्पराद्वारा

---

[१] औत्पत्तिकस्तु शब्दस्यार्थेन सम्बन्धः ।

[२] इन्द्रियाणां स्वविषयेषु अनादिर्योग्यता यथा। अनादिरर्थैः शब्दानां सम्बन्धो योग्यता तथा ॥

निश्चित (सीमित) गरिएको हुन्छ (श्लोकवार्त्तिक पृ. २२८) ।[३] विशेषतः शब्द र यसको प्रयोक्ताका बिच स्थायी सम्बन्ध रहेको हुन्छ ।

यास्कले केही चराहरूको नामकरणमा शब्दानुकृतिको तथ्यलाई प्रस्तुत गरेका छन् ।[४] उनले कागले उच्चारण गर्ने 'काँ काँ' का आधारमा 'काक' शब्द उत्पादन भएको मानेका छन् । यसले शब्द र अर्थका बिच सम्बन्ध रहेको कुरा प्रमाणित गर्दछ ।

शब्द र अर्थका बिचको सहज(प्राकृतिक) सम्बन्धको सिद्धान्तलाई नैयायिकहरू अस्वीकार गर्दछन् । वैशेषिकहरूले पारम्परिक आरम्भको सम्बन्ध मानेर विचार अगाडि सारेका छन् । गौतमले पारम्परिक वैशिष्ट्यद्वारा शब्दको अर्थ बोध गर्न सकिन्छ[५] भनेका छन् (न्यायसूत्र दोस्रो, १ पृ. ५५) । उनीहरूले 'सामाजिकःशब्दादर्थप्रत्ययः' भनेर शब्द र अर्थका बिच कुनै प्रत्यक्ष सहज सम्बन्ध नभएको प्रमाणित गरेका छन् (वैशेषिकसूत्र, सातौँ, २ पृ. २०) । यसमा शब्द र देखाइएको वस्तुमा कुनै सम्बन्ध छैन भन्ने उनको धारणा छ । नदेखिने वस्तु भए पनि त्यो परम्परा सिद्ध हुन्छ ।

तर्कशास्त्रीहरू शब्द र अर्थका बिच कुनै प्राकृतिक सम्बन्ध भएको (आगो र ताप) आगो शब्द उच्चारण हुनासाथ त्यसको शक्ति 'ताप' शब्दमा हुनु पर्ने तर्क राख्दछन् । शब्द र अर्थका बिच त्यस किसिमको सम्बन्ध अनुभूत गर्न सक्दैनौं । एउटा शब्दले देखाउने वस्तुको अस्तित्व त्यसमा रहन सक्दैन । 'आगो' भन्दा त्यसले मुखमा पोल्दैन, चक्कु भन्दा त्यसले काट्दैन, 'मह' भन्दा त्यसको गुलियो मुखमा भरिँदैन । यसर्थ शब्दसँग त्यसको अर्थको प्रत्यक्ष सम्बन्ध छैन (शावरभाष्य सूत्र, प्रथम १ पृ. ५) ।[६]

प्राचीन नैयायिकहरू र वैशेषिकहरू शब्द र वस्तुका बिचको संयोजन प्राकृतिक किसिमको नभई पारम्परिक हुन्छ र यसको उत्पत्ति ईश्वरबाट भएको हुन्छ भन्ने मान्दछन् (न्यायसूत्र, दोस्रो, १ : ५५) । तर्क संग्रहमा शक्ति एउटा परम्परा हो र यो ईश्वरीय निर्माण हो भनिएको छ । यसै कारण खास खास किसिमका शब्दहरूको खास खास यो अर्थ हो भनेर बुझिन्छ (तर्कसंग्रह, पृ. ३०) । उत्तरवर्ती नैयायिकहरू यो सम्बन्ध ईश्वरीय प्रेरणाबाट उत्पत्ति भएको नभई मानवीय प्रेरणाबाट उत्पत्ति भएको मान्दछन् । उत्तरवर्ती नैयायिकहरू शब्दमा हुने शक्ति मानव निर्मित हो (सिद्धान्तमुक्तावली, पृ.२६६) भन्दछन् । सङ्केत (परम्परिक सम्बन्ध) ईश्वरबाट थालिएमा स्थायी हुन्छ र यसलाई अभिधा वा शक्ति भनिन्छ । त्यसको सम्बन्ध स्थायी नभई मानिसबाट थालनी भएको हुन्छ; त्यसलाई परिभाषा भनिन्छ (शब्दशक्ति प्रकाशिका, पृ.१२२) । भर्तृहरिले पनि यी दुई किसिमको सम्बन्ध स्विकार गरी सङ्केतका अजानिक (स्थायी) र आधुनिक (नयाँ) दुई किसिम मानेका छन । पहिलो (अजानिक) स्थायी मुख्य सम्बन्ध र पछिल्लो प्राविधिक सन्दर्भसँग सम्बन्धित हुन्छ, जुन विशिष्टीकरण गरिएको र पूर्ण परिभाषित गरिएको अर्थ हुन्छ (वाक्यपदीय, पृ. ६३) । यो विभिन्न वैज्ञानिक कार्यका लागि लेखकद्वारा आविष्कार गरिएको हुन्छ । काम र सोचका बिचको फरक यसमा पाउन सकिन्छ । अमूर्त ध्वनिगत खण्ड अथवा भाषामा शब्दको स्मरण गराउने क्षमता फरक-फरक

---

[३] सर्वाकारपरिच्छेद्यशक्त्यर्थे वाचकेऽपि वा ।
सर्वाकारार्थविज्ञानसमर्थे नियमः कृतः ॥

[४] काक इति शब्दानुकृतिः तद् इदम् शकुनिषु बहुलम् ।

[५] सामयिकत्वाच्छब्दार्थसंप्रत्ययस्य ।

[६] स्याच्चेदर्थेन सम्बन्धः क्षुरमोदकशब्दोच्चारणे मुखस्य पातनपूरणे स्याताम् ।

उच्चारणहरूबाट हुन सक्दछ । हाम्रो सोचभित्र रहेका भाषिक उच्चारहरू ध्वनि वा वर्णका रूपमा व्यक्त भएका हुन्छन् । यसै गरी सन्दर्भित अथवा अर्थ भनेको पनि बाह्य रूपमा देखिने खास वस्तुभन्दा फरक हुन्छ । यो वस्तुको अवधारणा अथवा विकल्प हो । विकल्प भनेको मानसिक रूपमा वस्तुले निर्माण गरेको उत्पादन हो । विकल्पको आधारभूत परिचय खप्टिएका सन्दर्भहरूबाट लुकाइएको हुन्छ । यसबाट नै अर्थको बोध हुन जान्छ ।

## अर्थबोधका आधार

शब्दको आफ्नो अर्थ हुन्छ । भाषाको सबैभन्दा सानो अर्थयुक्त भाषिक एकाइ शब्द हो । संस्कृत अर्थको अवधारणा अनुसार शब्द र त्यसले बुझाउने वस्तुलाई हेरेर तिनका बिचको सम्बन्धका आधारमा भाषाका शब्दार्थको ज्ञान हुन जान्छ (तत्वचिन्तामणि, पृ. ४८१) । संस्कृत अर्थविज्ञानमा शब्दको अर्थ ज्ञानका क्रममा आठवटा विधिहरूलाई आधार मानिएको हुन्छ । यी विधिका सम्बन्धमा निम्नानुसार चर्चा गरिएको छ :

## वृद्ध व्यवहार

आठवटा विधिमध्ये यो सबभन्दा महत्त्वपूर्ण छ । वास्तविक जीवनलाई अवलोकन गरेर भाषा र त्यसको अर्थ सिक्न सकिन्छ । मीमांसक प्रभाकरका अनुसार यो भाषा सिकाइको एक मात्र विधि हो । यो निर्देशात्मक वाक्यका तहमा हुन्छ । कुनै किसिमका दृश्यगत क्रियाकलापहरू श्रोताका रूपमा रहेर हेरिन्छ । यस्ता वाक्यहरू भाषाको सिकाइको सहज विधिका रूपमा रहेका हुन्छन् । भाषाको सिकाइ वाक्यका तहबाट मात्र हुन्छ । यसमा विट्स्गेन्स्टिनले शब्दले कसरी काम गर्छ भन्ने कुरा कुनै व्यक्तिले अन्दाज नगरी त्यसको प्रयोग हेरेर त्यसबाट सिक्ने धारणा राखेका छन् (विट्स्गेन्स्टिन १९५३ई., पृ. ४९९) । अरूको व्यवहार हेरेर, बुझेर त्यसको अर्थबोध गर्न सकिन्छ ।

काम भइरहेका अवस्थाको अभिव्यक्ति वाक्यका रूपमा ‘क’ ले ‘ख’ लाई भनेको र गरेको कुरा ‘ग’ ले हेर्दछ, सुन्दछ र सिक्दछ । वाक्यको अर्थ के हो भन्ने कुरा वक्ता ‘क’ ले भनेको कुरालाई श्रोता ‘ख’ ले जे व्यवहार गर्दछ, तेस्रो व्यक्तिले त्यस वाक्यको अर्थ त्यही हो भन्ने बुझ्दछ । यस अवस्थामा ‘ख’ ले गरेका सबै कार्यहरू ‘क’ ले भनेका वाक्यको अर्थ हो भन्ने बुझिन्छ । त्यस्ता किसिमका अवलोकनहरूबाट र त्यसका अर्थबाट शब्दको अर्थ ज्ञान हुन्छ । यो अर्थज्ञान अवापोद्वाप प्रक्रियाबाट हुने गर्दछ । कुमारिल भट्टले यस विधिमा प्रत्यक्ष (प्रत्यक्ष अनुभूति), अनुमान (अन्दाज) र अर्थापत्ति ( अर्थमा वाधा) गरी तिनवटा निश्चित तह हुन्छभनेका छन् (श्लोकवार्त्तिक, सम्बन्धाक्षेप, दशौँ अध्याय, पृ.१४०-१४१) ।

## प्रत्यक्ष

आफूले प्रत्यक्ष रूपमा पाएका अनुभवहरूबाट प्राप्त हुने अर्थ प्रत्यक्ष हो । बालकले वक्ताले भनेका कुराहरू सुन्दछ र त्यसपछि श्रोताका क्रियाकलापहरू हेर्दछ । यो प्रत्यक्ष अनुभूति हो ।

## अनुमान

वक्ताले बोलेका कुरा श्रोताले सुनेर गरेका कामका आधारमा अर्काले बुझ्ने अर्थ अनुमान हो । यसमा बालकले त्यहाँ भएको कामको सन्दर्भ हेर्दछ र श्रोताले गरेका क्रियाकलापहरूलाई भनिएको अभिव्यक्तिको अर्थका रूपमा बुझ्दछ ।

## अर्थापत्ति

मूल अर्थ नबुझाई त्यसभन्दा बाहिरको अर्थ बुझाउने अवस्था अर्थापत्ति हो । यसमा बालकले श्रोताका क्रियाकलापहरू अव्याख्येय भएको जान्दछ । भनाइ र त्यसको अर्थका बिचमा सम्भावित सत्यको विचार त्यसभन्दा बाहिर रहन्छ । यसको मूल अर्थभन्दा बाहिर रहेर अर्थ व्यक्त हुने अवस्था देखिन जान्छ (विट्गेन्स्टिन्, १९२२ई. पृ. ४९८) । अर्थ निर्धारणमा यो अवस्था देखिन जान्छ । 'जहाज डुब्नु' मा जहाज डुबेको हुँदैन, 'आँखा लाग्नु' मा आँखा कतै टाँसिएको हुँदैन । यसभनदा भिन्न व्यवहारमा जे गरेको देखिन्छ, त्यसको अर्थ सोही रूपमा बुझिन्छ ।

वैयाकरण नागेशले यसलाई शब्दको अर्थ सिकाइको उपयुक्त विधि मानेका छन् । प्रसिद्ध नैयायिक जगदीशले पनि यसलाई शब्दको अर्थ सिक्ने पहिलो र सबभन्दा उपयुक्त विधिका रूपमा लिएका छन् । उनले भाषाको वास्तविक जीवनको अवलोकन हुने महत्त्वपूर्ण आधार भनेका छन् ( शब्दशक्ति प्रकाशिका, पृ.१०३) । यो यस्तो तरिका हो कि जसबाट बालकले सामान्य रूपमा भाषाको प्रयोगलाई अगाडि बढाउँदछ । यो भाषा सिकाइको सहज तरिका हो । जब हामीलाई विगतका सन्दर्भले प्रभाव पार्दछ भने एउटा भागले पुनराविर्भाव (सन्दर्भको ज्ञान) मात्र गराउँछ । त्यसभन्दा अगाडिका लागि निश्चित प्रतिक्रिया गराउँछ (अल्मान, १९६२ई. पृ. १०२) । कात्यायनले आफ्नो वार्तिकमा शब्द र अर्थको सम्बन्ध शब्दको प्रयोगबाट पाउन सकिन्छ भनेका छन्[७] (श्लोकवार्त्तिक, पृ.१४४) ।

## आप्त वाक्य

कुनै शब्दको अर्थ व्यवहारबाट जान्न नसकिने हुन्छ । यस अवस्थामा दार्शनिक वा भक्तजनको भनाइबाट अर्थ बोध हुन जाने स्थिति रहन्छ । यसमा प्रत्यक्ष रूपमा व्यक्त भएको भनाइ अगाडि आउँछ । यस्तो भनाइले सबैको विश्वास प्राप्त गर्दछ र सबैले त्यसलाई नै अर्थका रूपमा लिन्छन् । यस्तो कसैको भनाइ नै आप्त वाक्य हो । अरूले भनेको कुरा नै त्यसको अर्थ हुन जान्छ । यसमा भाषाको सिकाइ सचेत र योजनाबद्ध किसिमबाट हुन्छ (सुवेदी, २०७७ पृ. ८३) । अभिभावकबाट विभिन्न व्यक्ति वस्तु आदिलाई प्रत्यक्षतः चिनाउने काम हुन्छ । यो आमा हो, यो बुवा हो, यो भाइ हो, आदि । बालकले आफूले देखेका व्यक्ति र वस्तुलाई त्यही रूपमा बुझ्दछ (न्यायकोश, पृ. ८६०) । कुनैले आधिकारिक रूपमा यो वस्तुका लागि यो भनिन्छ भनेर कुनै आधिकारिक व्यक्तिले भनेमा त्यसको अर्थ त्यही रूपमा बुझिन्छ । अगस्टिनले यस सम्बन्धमा प्रस्ट व्याख्या गरेका छन् । आफ्नो कन्फेजन्समा उनले आप्त वाक्यका सम्बन्धमा प्रस्ट धारणा राखेका छन् (राजा १९७७ई. पृ. ३५ ) ।

## व्याकरण

धातु, सर्ग, शब्द आदिको व्याकरणबाट अर्थ बोध हुन सक्दछ । अर्थ बोधमा व्याकरणको महत्वपूर्ण स्थान हुन्छ । शब्द कोशमा शब्दका सबै रूपहरूको अर्थ दिइएको हुँदैन । रूपायन हुने रूप तथा तिनका भेदको जानकारीका लागि व्याकरणको सहायता लिइन्छ । भाषाको विस्तृत ज्ञानका लागि व्याकरणले व्याकरणिक अर्थ बोध गराउँदछ । टुक्काको अर्थ निर्धारणमा पनि सहचर एकाइहरूको व्याकरणिक सम्बन्ध थाहा पाउनु आवश्यक हुन जान्छ ।

---

[७] सिद्धे शब्दार्थसम्बन्धे ......।

## उपमान

आफूले सुने बुझेका भाव वा अर्थका आधारमा अर्को अर्थ अनुमान गर्नु उपमान हो। उपमानको अर्थ सादृश्य हो। कतिपय अर्थको ज्ञान सादृश्यबाट हुन्छ। गाई देखेका आधारमा निलगाई बुझ्न सकिन्छ। घरमा रहने गाई र उस्तै विशेषता बोकेको बन जङ्गलमा बस्ने गाई निलगाई हुन्छ। एउटा वस्तु देखेका आधारमा अर्को त्यस्तै वस्तु वा अर्थको अनुमान गरिन्छ। यसमा दृश्य वस्तुका आधारमा अदृश्य वस्तुको अवधारणा निर्माण गरिन्छ। उपमान हुनका लागि कुनै विषयका बारेमा पहिले नै ज्ञान हुनु पर्दछ। संसारका धेरै वस्तुको ज्ञान उपमान कै आधारमा हुन्छ। मीमांसक र नैयायिकहरू प्रमाणका रूपमा ज्ञान र अनुभूतिलाई लिने गर्दछन्। उनीहरू एउटामा भएको अनुभूति अर्कामा सर्दछ भन्ने धारणा राख्दछन् (राजा, १९७७ई. पृ. ३०)। 'भात खानु' मा भात दृश्य वस्तु हो। यसकै आधारमा हावा, हन्डर जस्ता शब्दबाट हावा खानु, हन्डर खानु जस्ता टुक्काहरूको अर्थ बोध गर्न सकिन्छ।

## कोश

शब्द कोशबाट अर्थ बुझ्न सकिन्छ। शब्दार्थ ज्ञानका लागि कोश महत्वपूर्ण माध्यम हो। शब्दको अर्थ पक्षलाई कोशले प्रस्ट्याउँछ। कुन शब्दको प्रयोग कहाँ हुन सक्छ भन्ने कुरा समेत कोशले प्रस्ट पार्दछ। कोशमा सन्दर्भ अनुसार प्रयोग हुन सक्ने धेरै शब्दहरू दिइएको हुन्छ। ती शब्दलाई सन्दर्भ अनुसार भिन्न भिन्न किसिमबाट अर्थ्याउन सकिन्छ। कोशमा आशय अनुरूपको लाक्षणिक अर्थलाई पनि सङ्केत गरिएको हुन्छ तर त्यस अवस्थामा मुख्य अर्थ बाधित हुन्छ (राजा, १९७७ई. पृ. ३१)। टुक्का कोशको प्रयोगबाट टुक्काको अर्थ बुझ्न सकिन्छ।

## वाक्यशेष

प्रकरणबाट अर्थ खुल्नु वाक्यशेष हो। शब्दको सन्दिग्ध अर्थ पछिल्ला वाक्यबाट बुझ्न सकिन्छ। वाक्यशेषले प्रकरणलाई जनाउँदछ। शब्दका अनेक अर्थ हुने अवस्थामा अर्थको निर्धारणका लागि वाक्यशेष महत्वपूर्ण साधन हो। अगाडि पछाडिको सन्दर्भ हेरेर त्यसको सन्दर्भार्थ बुझ्न सकिने हुन्छ। रस शब्दलाई प्रकरण अनुसार विभिन्न अर्थमा अर्थ्याउन सकिन्छ। 'आजकल बजार डुल्नमा रस लागेको छ' वाक्यमा आएको 'रस लाग्नु' को अर्थ सिङ्गो प्रकरणबाट थाहा पाउन सकिन्छ। जाँगर बढ्नु, रुचि लाग्नु, आनन्दित हुनु आदि यसको प्रकरण अर्थ हुन सक्दछ।

## विवृति

व्याख्याबाट अर्थ खुल्ने अवस्था विवृति हो। कतिपय शब्द यस्ता हुन्छन् कि ती शब्दको अर्थ एक शब्दमा बताउन सकिँदैन। ती शब्दको अर्थका लागि व्याख्या गर्नु पर्ने हुन्छ। यस्तो व्याख्या शब्दको पर्यायवाची शब्दबाट पनि दिन सकिन्छ। यस सम्बन्धमा पतञ्जलिले शब्दको अर्थ विशेषतः शङ्का लागेका शब्दको व्याख्याबाट खुल्दछ भनेका छन् (राजा, १९७७ पृ. ३०)। टुक्काको पनि व्याख्याबाट अर्थ खुल्न सक्दछ। उदाहरणका लागि 'आँखा खुल्नु' टुक्काको अर्थ व्याख्याबाट अझ प्रस्ट हुन सक्छ। 'मैले भनेका कुराले हर्कवीरको आँखा खुल्यो' वाक्यमा पूर्व प्रसङ्गको व्याख्याबाट 'आँखा खुल्नु' टुक्काको अर्थ प्रस्टिन जान्छ।

## सिद्धपद सान्निध्य

प्रसिद्ध शब्दको सान्निध्यबाट अर्थ खुल्नु सिद्धपद सान्निध्य हो। अगाडि पछाडिको सन्दर्भले शब्दको अर्थ खुल्न जान्छ। अभिव्यक्तिमा कुनै बेला नयाँ शब्द देखिन सक्दछ। यस अवस्थामा

त्यसको अर्थ बोधका लागि शब्द कोश हेरिरहनु पर्ने आवश्यकता हुँदैन । त्यस बखत शब्दको अगाडि पछाडिको सन्दर्भबाट शब्दार्थ बोध हुन जान्छ। टुक्कामा आएका पदको अर्थ अर्को पदको सान्निध्यबाट खुल्दछ। उदाहरणका लागि 'मुखियाकी छोरीले अनैतिक सम्बन्ध राखेर बाबुको नाक काटी' वाक्यमा अनैतिक सम्बन्धका आधारमा 'नाक काटी' को अर्थ प्रस्ट हुन सक्दछ ।

## अर्थज्ञानका सर्त

अर्थ भाषाको एउटा महत्वपूर्ण सन्दर्भ हो। यसको निर्धारण आकाङ्क्षा, योग्यता, सन्निधि, तात्पर्य ज्ञान र आसत्तिले गर्दछ। भाषा विषयक सङ्केतहरूबाट वातचितका क्रममा पूर्व सन्दर्भका लागि अविभाज्य सङ्केतका माध्यमबाट अर्थ व्यक्त हुन्छ। यस सम्बन्धमा देखापरेको सर्वप्राचीन सन्दर्भ 'आकांक्षा' को अवधारणा हो। मीमांसक सम्प्रदायबाट यो अवधारणा अगाडि आएको हो। वाक्यमा भएका शब्दहरू वाक्यात्मक सन्दर्भमा कसरी अर्थपूर्ण बन्दछन् भन्ने कुरामा विश्लेषणहरू भएका छन्। शब्दलाई ध्वनि र विचारको स्वतन्त्र एकाइका रूपमा लिने हो भने वाक्यभित्र शब्दहरूलाई जोड्ने आधार शब्दको आफ्नो अर्थ हो। त्यो अर्थसँग शब्दहरूलाई जोड्ने र एउटा वाक्यका रूपमा ल्याउने काम हुन्छ। भाषामा आकांक्षा सर्वस्वीकार्य विषय हो। वाक्यको एकाइमा बाँध्नका लागि विभिन्न भाग जोड्नु आकांक्षा हो, तर्कगत व्यवस्थितता योग्यता हो, ध्वन्यात्मक रूपले एक एकाइ र अर्को एकाइको निकटता सांनिध्य हो (राजा, १९७७ई. पृ. १५७)। यसलाई मीमांसकहरूले पहिले नै र अन्य सम्प्रदायका विचारकहरूले पछि स्विकार गरेका हुन्।

## आकांक्षा

वाक्यमा शब्दहरूका बिच एक शब्दले अर्को शब्द राख्ने अवस्था आकांक्षा हो। राम भात भएपछि 'खान्छ' आकांक्षा हुन्छ, 'जान्छ' को आकांक्षा हुँदैन। 'जान्छ' को आकांक्षा भातसँग हुँदैन घरसँग हुन्छ- 'राम घर जान्छ', 'राम भात खान्छ' हुन्छ। 'रूख भात खान्छ', 'रूख घर जान्छ' हुँदैन, किनभने यी शब्दका बिचमा आकांक्षा मिल्दैन। वाक्य पूरा हुनका लागि यो अत्यावश्यक अवस्था हो।

आकांक्षाका सम्बन्धमा वाक्यका शब्दहरूका बिच पारस्परिक अपेक्षा हुन्छ। वाक्यका शब्दहरूका बिचको सम्बन्ध सबैभन्दा पहिले मीमांसकहरूले अगाडि ल्याएका हुन्। शब्दको स्वतन्त्रताको आवश्यकता समस्त शब्द अथवा वाक्यमा हुन्छ भन्ने कुरा सुरुदेखि नै वैयाकरणहरूले अगाडि सार्दै ल्याएका हुन्। यस सम्बन्धमा पाणिनिले शब्द सामर्थ्ययुक्त छन् भने ती समस्त शब्द मात्र रहने मानेका छन् (ईश्वरचन्द्र, २००९ई. पृ. १४८)। यो सामर्थ्य शब्द समीक्षकहरू धेरैले प्रयोग गरेका छन्। यो व्यापेक्षा अथवा पारस्परिक संयोजन अर्थ निर्धारणका सम्बन्धमा हुन्छ। यो आकांक्षा शब्दको नजिक छ जुन मीमांसकहरूले दिएका छन्। अरू केहीले सामर्थ्यलाई एकार्थीभाव अथवा अर्थको एकता मानेका छन् (मीमांसासूत्र, दोस्रो १: ४५)। भिन्न अर्थ दिने भिन्न-भिन्न शब्दहरू एउटै सोचका निम्ति प्रयोग गरिएका हुन्छन्। पछि आएको दृष्टिकोण जैमिनीय अर्थैकत्वसँग तुलनीय छ। जुन सोच वा अवधारणाको एकत्वसँग सम्बन्धित छ। अहिलेसम्म यी अवस्थालाई समान दृष्टिले हेरिएको पाइन्छ। पतञ्जलिले यी दुई दृष्टिकोणलाई परस्पर निषेधकका रूपमा लिएका छन् र एकार्थीभावका दृष्टिकोणबाट एउटालाई स्विकारेका छन्। यस अनुसार समस्त शब्दका रूपमा तिनको आफ्नै अर्थ दिइएको छ र विशिष्ट पहिचान देखाइएको छ। तर अर्को दृष्टिकोण अनुसार अलग शब्दहरू आफ्नै अर्थको अधीनमा रही परस्पर सम्बन्धित हुन्छन्। हारदत्तका अनुसार व्यपेक्षा र एकार्थीभाव समस्त शब्दका लागि आवश्यक छन्। शब्दहरूका अर्थ बिचको पारस्परिक संयोजनको अभाव भएदेखि शब्दहरू समस्त आकारमा स्विकार्य छैनन्। कैयटले यी दुबैलाई वाक्यको अवस्था र

समस्त शब्दका रूपमा स्विकार गर्दछन् । उनले व्यापेक्षामा समास हुँदैन र एकार्थी भावमा वाक्य हुँदैन भनेका छन् (राजा, १९७७ई. पृ. १६२) ।

अद्वैत वेदान्त अनुसार आकांक्षा उत्थिताकांक्षा र उत्थाप्याकांक्षा गरी दुई किसिमको देखाइएको छ । उत्थिताकांक्षा शब्दको वास्तविक र सहज किसिमको अपेक्षा हो । यो अर्कोसँग त्यसको सोच पूरा गर्नका निम्ति आउँछ । उत्थाप्याकांक्षा सम्भाव्य अपेक्षा हो । यो आवश्यक परेका बखत उत्पन्न हुन जान्छ (न्यायकोश, पृ.११३, वेदान्त परिभाषा ४ पृ. ४- ७) । उदाहरणका लागि 'गाई ल्याऊ' वाक्यमा एउटाले प्रश्न गर्न सक्दछ, 'कस्तो किसिमको गाई ?' र यसकारणले 'गाई' शब्द सम्भवत विशेषणका रूपमा 'सेतो' अथवा 'बुढो' सँग आउन सक्छ । सम्भाव्य अपेक्षाहरूमा प्रयोग हुन सक्ने सम्भावना रहेको हुन्छ । आकांक्षाले वाक्यमा भएको शब्द पारस्परिक हुनै पर्ने कुरा छुट्याउँछ । यसर्थ 'सेतो गाई ल्याऊ' वाक्यमा 'गाई' शब्दसँग एउटा सम्भाव्य अपेक्षा विशेषणका रूपमा 'सेतो' सँग रहेको हुन्छ ।

अर्थभेद गुणवाद, अनुवाद र भूतार्थवाद गरी तिन किसिमका हुन्छन् ।[८]अर्थवादले निश्चयार्थक र बोल्दा वा लेख्दा जोड गरिएका वाक्यहरूको अर्थ तथा वाक्यात्मक रूपमा निषेधाज्ञा भएका वाक्यहरूको अर्थ सङ्केत गर्दछ । निषेधाज्ञासँग अर्थवादको सम्बन्ध त्यस वाक्यमा भएको शब्दसँग हुन्छ, जुन एउटा खण्डका रूपमा रहेको हुन्छ । यसलाई पदैकवाक्यता भनिन्छ । तर जब वाक्य जुन आफ्नो अर्थमा पूर्ण छन् र सम्बन्धमा एकै जस्ता छन् त्यसमा एउटा प्रमुख हुन्छ र अरू गौण वा अधीन हुन्छन् । त्यसलाई वाक्यात्मक एकताले नियन्त्रण गर्दछ । यो वाक्यैकवाक्यता हो ।

प्रसिद्ध वैयाकरण नागेशले आकांक्षालाई श्रोताको चाहनाको एउटा खण्ड वा भाग मानेका छन् । शब्द सुनिरहँदा यसको पूर्ण अर्थ ज्ञानका लागि वाक्य भित्रका शब्दको विचार जान्नु पर्दछ । त्यसमा व्यक्त विचार त्यसको अर्थसँग सम्बन्धित रहन्छ । यसैले आकांक्षा श्रोतासँग सम्बन्धित हुन्छ । आकांक्षा वा अपेक्षाले वाक्यमा भएका शब्दहरूलाई मनोवैज्ञानिक दृष्टिले नभई व्याकरणिक दृष्टिले हेर्दछ । यो वाक्य पूर्ण हुनका निम्ति आवश्यक हुन्छ । पछिल्ला नैयायिकहरूले मनोवैज्ञानिक आकांक्षा र व्याकरणिक आकांक्षाका बिच भिन्नता देखाएका छन् । उनीहरूले आकांक्षालाई वाक्यात्मक आवश्यक तत्वका रूपमा लिएका छन् । एउटा शब्द वाक्यमा अर्को शब्दका लागि आएको हुन्छ । जसबाट वाक्यका शब्दहरूका बिच अन्तर्सम्बन्ध देखिन जान्छ[९] भनेका छन् (तर्कसंग्रह, पृ.३०, न्यायकोश, पृ.११३) । एउटा शब्दले अर्को शब्दलाई वाक्यात्मक रूपमा जोड्नु आकांक्षा हो । यसले वाक्यमा भएका शब्दहरूको वाक्यात्मक सम्बन्धलाई ज्ञानका तहमा पुऱ्याउँदछ । नैयायिकहरू शब्दका बिचमा पारस्परिक अपेक्षा रहने कुरा स्विकार गर्छन् । शब्दभित्र धातु र सर्गहरूमा पनि आकांक्षा रहने धारणा रहेको छ ।

## योग्यता

योग्यता वाक्यका शब्दहरूका बिचको पारस्परिक सुसंगठनमा हुने तार्किक सुसंगति अथवा मेल हो । यसले वाक्यको अर्थ  पक्षको निर्धारण गर्दछ । अनुभवसँग मेल भएका शब्दहरूका बिच योग्यता रहन्छ । वाक्यको अर्थलाई योग्यताले पूर्णतामा पुर्याउँदछ । योग्यताले पारस्परिक संयोजनको संगतिका लागि वाक्यमा शब्दहरूको माग गर्दछ वा शब्दहरू खोज्दछ भन्ने धारणा शालिकनाथको

---

[८] गुणवाद (आलङ्कारिक भनाइ), अनुवाद (पहिले जानेको), भूतार्थवाद (पहिले नजानेको भनाइ) ।

[९] पदार्थसंसर्गानवगमः प्रागभावः ।

रहेको छ । संगतिपूर्ण शब्दहरू प्राप्त अनुभवबाट व्यक्त हुन्छन् । 'ऊ पानीले भिजेको छ' (पयसा सिंचति) वाक्यमा अर्थको योग्यता छ । भिजिने कुरा सामान्यतया झोल वस्तु जस्तै पानीबाट हुने गर्दछ । त्यहाँ भिजिने विचार र पानीसँग कुनै असङ्गति छैन । तर 'ऊ आगोले भिजेको छ' (अग्निना सिंचति) जस्ता वाक्यमा योग्यता वा संगति छैन । भिजिने विचार आगोका गुणसँग मेल खाँदैन । आगो र भिज्नु शब्दको योग्यता छैन (शास्त्री, १९४५ई. पृ. २५७) ।

## सन्निधि

सामान्यतया वाक्यमा भएका पदहरूको निकटवर्ती अवस्थाको सामान्य व्याख्या सन्निधि वा आसत्ति हो । शब्दहरूका बिचको यो निकटता शब्दहरूका बिचको अविभाज्य क्रमिकता हो जुन एक अर्कोको सामीप्यतामा रहन्छ । शब्दहरूको लामो दुरीले ज्ञानको उत्पादन हुन सक्दैन र त्यसमा कुनै पनि किसिमको अन्तर्सम्बन्ध रहँदैन । आकांक्षा र योग्यता भए तापनि पदहरूका बिचको सन्निधि छैन भने अभिव्यक्ति अर्थपूर्ण हुँदैन ।

पूर्ववर्ती नैयायिकहरूका अनुसार शब्दको अर्थको पुनर्सम्योजन हुनु पर्दछ । अनुभूतिले अर्थको पुनर्संयोजन गराउँदछ । अनुभूति क्षणिक हुन्छ । अलग-अलग शब्दहरूको अर्थ पुनर्संयोजन गर्नका निमित्त अनुभूतिको आवश्यकता पर्दछ । अर्थहरू संयोजन गरेर एउटा सिङ्गो अर्थ बनाउनुपर्ने हुन्छ ।

प्रभाकर सम्प्रदायका मीमांसकहरू आवश्यक अर्थको प्राप्तिका निम्ति लोप भएको शब्दको अर्थ अनुमान गरेर शब्द अवगत गर्नुभन्दा आवश्यक अर्थ तत्काल अनुमान गर्नु वा वितरण गर्नु सजिलो हुन जान्छ भन्ने कुरामा विश्वास गर्दछन् । उनीहरू भएको शब्दलाई सन्दर्भमा वितरण हुन सक्ने शब्दको अर्थका रूपमा लिन्छन् । सन्दर्भले भन्न खोजेको अर्थ थाहा भएपछि शब्दको अस्तित्वका विषयमा अनुमान गरिरहनु कुनै आवश्यक पर्दैन । अर्थका बारेमा इच्छा राखेर अर्थ बुझ्न सकिन्छ शब्दका बारेमा होइन । यस बाहेक उनीहरू अर्थको स्मरणका लागि लुप्त शब्दको उपस्थिति कुनै आवश्यक छैन भन्ने ठान्दछन् (वाक्यार्थमातृकावृत्ति, पृ.८) । त्यस किसिमका सबै अवस्थाहरूमा लुकेको अर्थ हुन्छ, वास्तविक शब्द होइन, त्यो नै त्यहाँ वितरण हुन सक्दछ भन्ने प्रभाकरको तर्क रहेको छ । यसलाई 'अर्थाध्याहार' दृष्टिकोणका रूपमा बुझ्न सकिन्छ । अर्थ बुझ्नका लागि संज्ञानका धेरै उपायहरू छन् जस्तै अनुभूति र निर्णय । यसर्थ 'भाँडो' को विषयमा उठ्ने विचार यसलाई देखाएपछि मात्र हुन्छ[१०] (अग्डेन र रिचर्डस् १९३६ पृ. ४४१) । जे देखिएको वा सुनिएको छ त्यस बाहेक बुझ्न र व्याख्या गर्न नसकिने हुन्छ । यसर्थ देवदत्तलाई हेरेर, जसलाई जानिएको छ त्यो जीवित छ, ऊ घरमा छैन, उसको उपस्थिति बाहिर भएको अनुमान गरिएको छ । यो सुनिएको छ कि देवदत्त जुन मोटो छ, दिउँसोमा खाँदैन, यहाँ अनुमान गरिएको छ ऊ रातमा खान्छ । यस्ता अवस्थाहरूमा तथ्यको निषेध आवश्यक छ । दुईवटा जानेका तथ्यहरूको व्याख्या गर्नका लागि जुन प्रस्ट रूपमा विरोधाभासपूर्ण छ । शवरले दुई प्रकारको अर्थापत्ति प्रस्ताव गरेका छन्- दृष्टार्थपत्ति (जुन देखिएको छ त्यसप्रति निषेध) र श्रुतार्थपत्ति (जुन सुनिएको छ, त्यसप्रति विरोध) ।

### तात्पर्यज्ञान

वक्ताले जे कुरा व्यक्त गर्ने आशयका निम्ति भाषिक उच्चार गर्दछ, श्रोताले उही रूपमा बुझ्नु नै त्यसको अर्थ हो (थोमस, १९४९ई. पृ. १३०) । सर ए. गार्डिनरले कुनै पनि वाक्य वा पदावलीको

---

[१०] शब्दस्यैवान्वयार्हत्वाद् द्वारम् आव्रियताम् इति
शब्दाध्याहार एव स्याद् इति एवं मादृशां मतम् ।

अर्थ भनेको वक्ताको इच्छा के मा छ, त्यो श्रोताद्वारा बोध गर्नुलाई मानेका छन् (गार्डिनर, १९२२ई. पृ. ३६१)। भिन्न-भिन्न किसिमको मनोवैज्ञानिक सन्दर्भका लागि उही सङ्केत प्रयोग गर्न सकिन्छ। एउटै कुरालाई पनि फरक-फरक कोणबाट व्यक्त गर्न सकिन्छ (गार्डिनर, १९५१ई. पृ. ५२)।

वक्ताको आशयलाई कुराकानीका सन्दर्भमा महत्व दिने केही नैयायिकहरूले सामान्य वाक्य समेतमा पनि शब्दले दिने अर्थ नै त्यो वस्तु हो भनेका छन्। 'भाँडो ल्याऊ' (घटम् आनय) वाक्यमा 'भाँडो' ले दिने अर्थ नै भाँडो शब्दका विषयमा व्यक्त वक्ताको आशय हो। वक्ताको आशय अरू नै हुने हो भने शब्दले लक्षणा बुझाउन सक्दछ भन्ने उनीहरूको धारणा रहेको छ। यस अवस्थामा शब्दको शक्ति देखिन्छ (न्यायकोश, पृ. ३२७)। यसले श्रोतालाई लक्षणाका सन्दर्भमा बुझ्न प्रेरित गर्दछ। यसर्थ 'गंगामा घर छ' वाक्यमा शब्दको अर्थ नभएर वक्ताको मानसिकता व्यक्त भएको हुन्छ। यसले गंगाको किनारमा घर भएको कुरा व्यक्त गरेको छ। एउटाले भनेको शब्दको आशय अर्काले बुझ्नु पर्दछ। के भन्न खोजिएको हो त्यस विषयमा पारस्परिक अर्थ बोध हुनु आवश्यक छ ( अग्डेन र रिचर्डस्, १९३६ई. पृ.१८२)।

नैयायिक र मीमांसकहरूका दृष्टिकोणको भिन्नता वाक्यको अर्थ निर्धारणमा वक्ताको मानसिकतासँग सम्बन्धित रहेको छ। उनीहरूका बिचमा देखिने प्रस्ट भिन्नता भाषाका माध्यमबाट ज्ञान प्राप्त गर्न सकिन्छ भन्नेमा छ। नैयायिकहरूका अनुसार शब्द ज्ञानको साधनका रूपमा र कुनै महान व्यक्तिको भनाइ वा आप्त उपदेशका रूपमा आएको हुन्छ[११] (न्यायसूत्र, प्रथम, १ : ७)।

वक्ताले बुझाउन खोजेको अर्थ अनुरूप एउटा शब्दले अर्को शब्द वा अरू शब्दहरू लिएर आएको हुन्छ (न्यायकोश, पृ.३२७)। 'छोरो आएको छ- राजाको- मानिसहरू हट्‌दछन्' (अयम् एति पुत्रोराज्ञापुरुषोअपसार्यताम्) यो वक्ताको मानसिकताको ज्ञान हो। यसमा 'राजाको' सँगै 'पुत्र' र 'पुरुष' आकांक्षाबाट मिलेर बनेको छ। अर्थात् आकांक्षा अनुरूप राजा, पुत्र र पुरुष शब्द छनोट भएका छन्। एउटा शब्दसँग सबै शब्दको नभई खास शब्दको मात्र सम्बन्ध रहेको हुन्छ।

गंगेशोपाध्याय र विश्वनाथले पनि तात्पर्यको ज्ञानलाई अलग उद्देश्यका निम्ति आवश्यक चौथो कुरा मानेका छन्। उनले आकांक्षा, योग्यता र सन्निधिसँगै तात्पर्यको पनि बोध हुनुपर्ने धारणा अगाडि ल्याएका छन्। उनीहरूले वक्ताले प्रस्तुत गरेको अर्थलाई तात्पर्य मानेका छन्। अन्य नैयायिकहरूले तात्पर्यलाई आकांक्षा, योग्यता र संनिधिसँगै राखेका छन्। तात्पर्यकै कारणले आकांक्षा, योग्यता र संनिधिले कार्य गर्दछन् भन्ने उनीहरूको धारणा रहेको छ (सिद्धान्त मुक्तावली, पृ.३०३)।

नैयायिकहरूको मत अनुसार उच्चार गरिएको शब्दको अर्थ भनेको श्रोतालाई बुझाउनका लागि वक्ताले जोड दिएको विषय हो। भनाइ उद्देश्यमूलक हुन्छ र श्रोताले केही बुझ्यो भने मात्र अर्थपूर्ण बन्दछ। वक्ताले व्यक्त गर्न चाहेको कुरा श्रोतामा सञ्चरण हुनु पर्दछ।

कथन स्वभावैले उद्देश्यमूलक हुन्छ। सिकेका (पढेका) मानिसहरू आफ्नो विचारलाई संयोजित रूपमा व्यक्त हुने गरी प्रयोग गर्दछन्। शब्दहरूको सान्निध्यको प्रयोगबाट वक्ताले त्यसको अभिव्यक्ति दिन्छ। अन्विताभिधान सिद्धान्तले तात्पर्यको स्विकार गर्दछ। अभिधाले मुख्य अर्थ दिन्छ, वाक्यको फरक अर्थ अभिधासँगै तात्पर्यबाट खुल्न जान्छ। तर अभिहितान्वय सिद्धान्त अनुसार अभिधा शक्तिमा शब्दको अर्थमात्रै व्यक्त हुन सक्दछ। फरक किसिमको अर्थ लक्षणा शक्तिबाट व्यक्त हुन्छ।

[११] आप्तोपदेशः शब्दः।

यो अर्थ तात्पर्यज्ञानबाट खुल्न जान्छ । आकांक्षा, योग्यता र सन्निधि तिन तथ्यका बिचमा तात्पर्यले अर्थको बलियो आधार थपिदिन्छ । यसमा वक्ताको आशयको आधार रहन्छ । यसैलाई नै तात्पर्यवृत्तिका रूपमा लिइन्छ । पूर्ववर्ती नैयायिकहरू तात्पर्यवृत्ति र उत्तरवर्ती नैयायिकहरू 'संसर्ग मर्यादा' का रूपमा तात्पर्यज्ञानलाई लिन्छन् ।

## निष्कर्ष

संस्कृतमा शब्दार्थका विषयमा विस्तृत चर्चा भएको छ । विभिन्न सम्प्रदायभित्र रहेर पद तथा पदार्थका सम्बन्धमा फरक धारणाहरू प्रस्तुत गरी अर्थको संस्कृत अवधारणा बनेको प्रस्ट हुन्छ । शब्द र यसको अर्थका बिचको जीवित सम्बन्धबाट अर्थ शक्ति परिभाषित हुने हुनाले त्यसबाट व्यक्त हुने तात्पर्य नै अर्थ हो । शब्दसँग हुने अर्थको सम्बन्ध र सन्दर्भबाट प्राप्त हुने ज्ञानबाट अर्थबोध हुने कुरामा संस्कृतका विद्वानहरू सहमत छन् । खासगरी मीमांसक र नैयायिकहरूले प्रस्तुत गरेको अर्थसम्बन्धी धारणा नै संस्कृत अर्थको अवधारणा मानिएको छ । यसर्थ सबै विचारका सम्प्रदायहरू अर्थको प्रयोगमूलक परिभाषा स्विकार गर्दछन् । वृत्ति अथवा शब्दको कार्य नै यसको सोच वा विचारसँगको सम्बन्ध हो । यस किसिमको सम्बन्धलाई शब्दको शक्ति स्थायीकरणका रूपमा बुझ्न सकिन्छ । यसले सोच (विचार) लाई प्रकट गर्दछ । मीमांसकहरूले पनि यस्तो शक्तिलाई अलग श्रेणी वा पदार्थका रूपमा लिएर स्विकार गरेका छन् भने नैयायिकहरूले यसको आधार परम्परासँग जोडेका छन् । यद्यपि बौद्धिस्टहरूले पनि शब्द र विकल्प (मानसिक बिम्व) का बिचको सम्बन्ध स्विकार गरेका छन् र दुई व्यक्ति वा समूहका बिच परस्पर एक अर्काको व्यवहारमा सहमत हुने सम्बन्धलाई चिनाएका छन् । शब्द उच्चारण गर्दा त्यसमा उत्पन्न हुने विकल्पहरूसँग अर्थको सम्बन्ध रहन्छ ।

वास्तविक जीवनलाई अवलोकन गरेर भाषा र त्यसको अर्थ सिक्नु वृद्ध व्यवहार हो । आफूले प्रत्यक्ष रूपमा पाएका अनुभवहरूबाट प्राप्त हुने अर्थ प्रत्यक्ष हो । वक्ताले बोलेका कुरा श्रोताले सुनेर गरेका कामका आधारमा अर्काले बुझ्ने अर्थ अनुमान हो । मूल अर्थ नबुझाई त्यसभन्दा बाहिरको अर्थ बुझाउने अवस्था अर्थापत्ति हो । कुनै शब्दको अर्थ व्यवहारबाट जान्न नसकिने हुन्छ । यस अवस्थामा दार्शनिक वा भक्तजनको भनाइबाट अर्थ बोध हुन जाने स्थिति रहन्छ । धातु, सर्ग, शब्द आदिको व्याकरणबाट अर्थ बोध हुन सक्दछ । आफूले सुने बुझेका भाव वा अर्थका आधारमा अर्को अर्थ अनुमान गर्नु उपमान हो । शब्द कोशबाट अर्थ बुझ्न सकिन्छ । शब्दार्थ ज्ञानका लागि कोश महत्वपूर्ण माध्यम हो । शब्दको अर्थ पक्षलाई कोशले प्रस्ट्याउँछ । प्रकरणबाट अर्थ खुल्नु वाक्यशेष हो । शब्दको सन्दिग्ध अर्थ पछिल्ला वाक्यबाट बुझ्न सकिन्छ । वाक्यशेषले प्रकरणलाई जनाउँदछ । व्याख्याबाट अर्थ खुल्ने अवस्था विवृति हो । कतिपय शब्द यस्ता हुन्छन् कि ती शब्दको अर्थ एक शब्दमा बताउन सकिँदैन । ती शब्दको अर्थका लागि व्याख्या गर्नु पर्ने हुन्छ । प्रसिद्ध शब्दको सान्निध्यबाट अर्थ खुल्नु सिद्धपद सान्निध्य हो । अगाडि पछाडिको सन्दर्भले शब्दको अर्थ खुल्न जान्छ । अभिव्यक्तिमा कुनै बेला नयाँ शब्द देखिन सक्दछ । वाक्यमा शब्दहरूका बिच एक शब्दले अर्को शब्द राख्ने अवस्था आकांक्षा हो । आकांक्षाबिना वाक्य पूरा हुन सक्दैन । वाक्यका लागि यो अत्यावश्यक अवस्था हो । योग्यता वाक्यका शब्दहरूका बिचको पारस्परिक सुसंगठनमा हुने तार्किक सुसंगति अथवा मेल हो । यसले वाक्यको अर्थ पक्षको निर्धारण गर्दछ । अनुभवसँग मेल भएका शब्दहरूका बिच योग्यता रहन्छ । वाक्यको अर्थलाई योग्यताले पूर्णतामा पुर्‍याउँदछ । वाक्यमा भएका पदहरूको निकटवर्ती अवस्थाको सामान्य व्याख्या सन्निधि वा आसत्ति हो । शब्दहरूका बिचको यो निकटता शब्दहरूका बिचको अविभाज्य क्रमिकता हो जुन एक अर्कोको सामीप्यतामा रहन्छ । वक्ताले जे कुरा व्यक्त गर्ने आशयका निम्ति भाषिक उच्चार गर्दछ, श्रोताले उही रूपमा बुझ्नु नै

त्यसको अर्थ हो । यसैले वृद्ध व्यवहार, प्रत्यक्ष, अनुमान, अर्थापत्ति, आप्तवाक्य, कोश, व्याकरण, उपमान, वाक्यशेष, विवृति र सिद्धपदसान्निध्य अर्थबोधका आधार र आकांक्षा, योग्यता, सन्निधि र तात्पर्यज्ञानलाई अर्थज्ञानका सर्त हुन् ।

## सन्दर्भसामग्री सूची

पिल्लाई, राघवन (सम्पा.) (१९७१ई), *वाक्यपदीय,* दिल्ली : मोतीलाल वनारसीदास ।

भार्गव, दयानन्द (सम्पा.) (१९७८ई), *अन्नम्भट्टप्रणीत तर्क संग्रह,* दिल्ली : मोतीलाल वनारसीदास ।

मिश्र, सव्यसाचि (सम्पा.) (१९२३ई), *श्लोकवार्तिक.* कलकत्ता : कलकत्ता युनिभर्सिटी संस्कृत सिरिज ।

वसु, बि. डि. (सम्पा.) (१९२३ई), *वैशेषिकसूत्र,* इलाहावाद : पाणिनि अफिस, भुवनेश्वरी आश्रम ।

शर्मा, गुरुचरणदेव (१९१४ई.), *शब्दशक्ति प्रकाशिका,* कलकत्ता : कलकत्ता विश्वविद्यालय प्रेस ।

सुवेदी सखिशरण (२०७७) *अर्थविज्ञान,* श्वेता सुवेदी : रूपन्देही ।

Bhatta, A. (1951). *Tarkasamgraha*, S. Kupuswami Sastri (ed). Madras: Madrash University.

Bhatta, K. (1983). *Slokavarttika.* (G. Jha ed.), Delhi : Sri Satguru Publications.

Dharmarajadhavarindra. (1942). *Vedantaparibhasa.* Madras: Adyar Library Series (ALS).

Gangesopadhaya. (1882). *Tattvachintamani.* Calcutta : BI 98.

Gardiner, A.H. (1922). The definition of the word and the sentence, *British Journal of Philosophy*, pp 360-370. Oxford Oxford University press.

Gardiner, A.H. (1951). *The Theory of Speech and Language*. Oxford: Oxford University Press.

Gautama. (1922). *Nyayasutra*. (With the bhashya by Batsayana). Poona: Allumunai Samskrit Series (ASS).

Jagadisa. (1934). *Sabdasaktiprakasika.* Benares : Kashi Smskrit Series (KSS).

Jaimini. (1929). *Mimamsasutra.* Poona : Adyar Samskrit Series (ASS).

Jhalakikara. (1928). *Nyayakosh.* (Dictionary of Technical Terms of Indian Phylosophy), ed. by Abhayankar, Poona: Bombay Samskrit and Prakrit Series (BSS).

Nyayapanchanana, B. (1951). *Siddhantamuktavali.* Benares: Kashi Sanskrit Series (KSS).

Raja, K. K. (1977). *Indian Theories of Meaning.* Madras: Adhyar Library and Research Centre.

Sabar. (1929). *Sabarbhasyasutra*. Poona: Bhandarkar Oriental Research Centre.

Shastri, K. (1986). *Primer of Indian Logic*. Madras: University of Madras.

Thomas. (1949). The definition of the word and sentence. *British Journal of Philosophy*, pp 130-160. London: Continuum.

Ulmann, S. (1962). *Semantics. An Introduction to the Science of Meaning.*Oxford: Blackwell.

Wittgenstein, L. (1953). *Philosophical Investigations*. New York: Macmillan.